जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २६६ • २०८३ असार ३२ गते विहिवार • 16 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# फेनसेप धनुषाको सार्वजनिक सुनुवाई सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असार**



खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फेनसेप), कलस्टर इकाई धनुषाको सार्वजनिक सुनुवाइ कार्यक्रम बुधबार सम्पन्न भएको छ । जनकपुरधाममा एक कार्यक्रमको आयोजना गरी आयोजना कलष्टर इकाईले चालु आर्थिक वर्ष २०८२/०८३ को प्रगतिको बारेमा सार्वजनिक सुनुवाइ गरेको हो ।

आयोजना कलष्टर इकाई धनुषाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा चालु आर्थिक वर्षमा संचालन भएको कार्यक्रमको प्रगति र त्यसवापत खर्चिएको बजेट सार्वजनिकीकरण गरिएको हो । इकाई प्रमुख रबिलाल शर्माले चालु आर्थिक वर्षमा धनुषा र महोत्तरी जिल्लाको दुई/दुई गरी चार पालिकामा कार्यक्रम संचालन गरिएको बताए । उनका अनुसार धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिका र महोत्तरी जिल्लाको सम्सी र सोनमा गाउँपालिकामा चालु आर्थिक वर्षमा कार्यक्रम संचालन गरिएको हो । चार वटै पालिकामा कार्यक्रम संचालन गर्नका लागि २३ करोड २५ लाख बढी बजेट विनियोजन गरिएपनि करिब ७५ प्रतिशत बजेट मात्र खर्च हुन सकेको शर्माले बताए ।

उनले कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा सहयोग गर्ने, जलवायु तथा पोषण मैत्री कृषि प्रविधिहरुको अनुशरण र प्रसार गर्ने, साना कृषकहरुको आय आर्जन र विविधिकरण प्रवर्द्धन गरी बजारमा पहुँच बढाउने, सुनौला हजार दिनका आमाहरु था ६.२४ महिनासम्मका बच्चाहरुको पोषण स्थितिमा सुधार ल्याउने र कृषकहरुको क्षमता अभिवृद्धि गर्ने, उत्पादन समूह तथा सहकारीको संस्थागत विकास तथा सबलीकरण गर्ने उद्येश्यले विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा चार वटा पालिकामा कार्यक्रम संचालन गरिएको बताए।

२३ करोडमध्ये १३ करोड बढी बजेट अनुदानमा खर्चिएको जानकारी दिदै चार वटै पालिकामा पाँच सय बढी कृषक समूह गठन गरिएको उनले बताए । कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जिल्लाको अन्य पालिकाका किसानहरुलाई पनि आत्मनिर्भर बनाउनका लागि यो परियोजना विस्तार गर्नुपर्नेमा जोड दिए। उनले परियोजनामा आवद्ध कृषकहरुको आय स्तरमा सुधार आएको बताउँदै यसले किसानहरुमा उत्साह थप्ने कार्य गरेको बताए। कार्यक्रममा सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले परियोजनाले महिला किसानलाई प्रविधि सम्बन्धी जानकारी दिनुका साथै आवश्यक उपकरणहरु समेत सहयोग गरेर उदाहरणीय कार्य गरेको बताए। कार्यक्रममा सहभागी किसानहरुले खाद्य तथा पोषण सुरक्षा आयोजना, कलष्टर इकाई धनुषाले संचालन गरेको कार्यक्रमले आफूहरुलाई प्रविधि सम्बन्धी फाइदा हुनुका साथै कृषि उपकरण लगायतको सामग्री पनि प्राप्त भएको बताए । कार्यक्रममा बटेश्वर गाउँपालिका-५ चाँदतारा कृषक समूहका अध्यक्ष कालीबहादुर थिंग, जनकनन्दनी गाउँपालिकाका किसान अगुवा रामनारायण यादव, सम्सी गाउँपालिकाका अजिमुद्धिन अन्सारी लगायतले कार्यक्रम संचालनमा आएदेखि भएको सुधारबारे बताएका थिए । कार्यक्रममा सरोकारबाला कार्यालयका प्रमुख, किसान, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।




# संयुक्त विद्यार्थी संगठनद्वारा बजेट पुनरावलोकनको माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असार**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरेको बजेटमा शिक्षा, भाषा, साहित्य तथा प्राज्ञिक संस्थाहरूलाई पर्याप्त प्राथमिकता नदिएको भन्दै संयुक्त विद्यार्थी संगठनले बजेट पुनरावलोकनको माग गरेको छ।

संगठनले बुधबार मुख्यमन्त्री कृष्णप्रसाद यादव, सभामुख रामअशिष यादवसहित प्रदेश सरकारका जिम्मेवार पदाधिकारी तथा प्रदेशसभा सदस्यहरूलाई ध्यानाकर्षण पत्र बुझाउँदै शिक्षा र संस्कृति सम्बन्धी बजेट तत्काल संशोधन गर्न आग्रह गरेको हो ।

बलिराम कापरी, त्रिदेव झा, रोशन साह, शिवचन्द्र झा, रामभगत यादव, शशिकान्त मण्डललगायत विद्यार्थी नेताहरूको टोलीले मुख्यमन्त्री, सभामुख, अर्थमन्त्री, शिक्षा तथा संस्कृति मन्त्री तथा बजेट पुनरावलोकन समितिका पदाधिकारीहरूलाई ज्ञापनपत्र बुझाएको जनाएको छ।

ध्यानाकर्षण पत्रमा प्रदेश सरकारले नीति तथा कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानलाई स्रोत साधन सम्पन्न बनाउने तथा उच्च शिक्षाको विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे पनि बजेट विनियोजन त्यसअनुरूप हुन नसकेको उल्लेख गरिएको छ । विद्यार्थी संगठनले मधेश प्रज्ञा प्रतिष्ठानका लागि घरभाडामा १ लाख ९० हजार रुपैयाँ, सवारी भाडामा ५ हजार रुपैयाँ र वृत्तचित्र निर्माणका लागि १ हजार रुपैयाँ मात्र छुट्याइएको भन्दै यसलाई प्रतिष्ठानको गरिमा र जिम्मेवारीसँग मेल नखाने बजेट विनियोजन भएको टिप्पणी गरेको छ ।


त्यसैगरी, मधेश विश्वविद्यालयका लागि १ करोड रुपैयाँ र मधेश कृषि विश्वविद्यालयका लागि ५ करोड रुपैयाँ मात्र विनियोजन गरिएकाले उच्च शिक्षा, अनुसन्धान, पूर्वाधार विकास तथा संस्थागत सुदृढीकरणमा प्रतिकूल असर पर्ने संगठनको भनाइ छ ।

ज्ञापनपत्रमा शिक्षा, अनुसन्धान, भाषा, साहित्य र संस्कृतिमा गरिने लगानी प्रदेशको दीर्घकालीन विकासको आधार भएकाले यी क्षेत्रलाई बेवास्ता गर्नु दुर्भाग्यपूर्ण भएको उल्लेख गरिएको छ ।

प्रदेश सरकारले आफ्नै नीति तथा कार्यक्रमविपरीत बजेट ल्याएको आरोप लगाउँदै शिक्षा तथा संस्कृतिलाई औपचारिकतामा सीमित गर्ने प्रवृत्ति सच्याउन माग गरिएको छ। संगठनले मधेश प्रज्ञा प्रतिष्ठान, मधेश विश्वविद्यालय र मधेश कृषि विश्वविद्यालयका लागि आवश्यक बजेट थप गरी पूर्वाधार, अनुसन्धान, जनशक्ति विकास तथा शैक्षिक कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउन बजेट पुनः समीक्षा गर्न आग्रह गरेको छ ।

विद्यार्थी संगठनले आफ्ना मागहरू तत्काल सम्बोधन नभए शिक्षा, भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा विकासका पक्षमा चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएको छ ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय......................

# राष्ट्र निर्माणको दृढ इच्छाशक्ति देखाउ

*हामीले अब राष्ट्र निर्माणमा निर्मम र दृढ इच्छाशक्ति देखाउने बेला आएको देखिन्छ । आफ्नो माटो, भूगोल र संस्कृति सुहाउँदो सही विकास ढाँचाको छनोट नै समृद्धिको पहिलो महत्वपूर्ण खुड्किलो रहेको देखिन्छ । सही मोडल छानेपछि निरन्तरको इमानदार प्रयास र स्पष्ट दृष्टिकोणले नै विश्वका अरू देश विकसित र धनी भएको छ । हाम्रो पनि राष्ट्रिय विकासको अन्तिम र सर्वोच्च लक्ष्य यही नै छ, जसमा सिंगो समाज आर्थिक रूपले सम्पन्न र सामाजिक रूपले न्यायपूर्ण हुनुपर्छ । वातावरणमैत्री कालोपत्रे सडक वा कंक्रिटका संरचनाले मात्र समाजको समग्र रूपान्तरण कदापि सम्भव नरहेको देखिन्छ । त्यसमा गहन मानवीय संवेदना, भविष्यपरक दूरदृष्टि र हाम्रो आफ्नै मौलिक सांस्कृतिक पहिचान पनि अनिवार्य रूपमा मिसिनुपर्ने देखिन्छ । हाम्रा अग्ला पहाड र जटिल भूगोल विकासका बाधक चुनौती होइन, बरु पर्यटन र जलविद्युत्का लागि सुन्दर अवसर रहेका छन ।*

*देशको यो मलिन मुहार फेर्न अब हामीले एक पल पनि ढिला गर्नु हुँदैन । दृढ संकल्प, इमानदारी र मौलिक योजनाले पक्कै पनि चमत्कार गर्न सक्छन । भावी सन्ततिलाई कस्तो र कुन अवस्थाको देश सुम्पने ? यो गम्भीर प्रश्नले हरेक नागरिकलाई भित्रैदेखि झस्काउनु पर्ने देखिन्छ, किनकि, राष्ट्रको सुन्दर भविष्य जनताकै हातमा रहेका छन । देश बनाउने यो सुनौलो अवसर नगुमाऔं । समृद्धिको महान् यात्रा आजै, अहिल्यै र यहीँबाट सुरु गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।*

# खाद्य स्वच्छता प्रवर्द्धनमा जोड, प्रति जैविक प्रतिरोध नियन्त्रणका लागि बहु-क्षेत्रीय सहकार्य आवश्यक

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३१ असार**



खाद्य स्वच्छता प्रवर्द्धन तथा खाद्य पदार्थ जन्य प्रति जैविक प्रतिरोध (Food–borne Antimicrobial Resistance–AMR) न्यूनीकरणका लागि बहु-क्षेत्रीय सहकार्यलाई सुदृढ बनाउने उद्देश्यले जनकपुरधाममा सचेतना कार्यक्रम मंगलबार सम्पन्न भएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय (DFTQC), धनुषाले संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) नेपालको सहयोगमा आयोजना गरेको कार्यक्रममा खाद्य स्वच्छता, सुरक्षित खाद्य प्रणाली, प्रति जैविक औषधिको विवेकपूर्ण प्रयोग तथा इलभ Health अवधारणा अनुसार मानव, पशु र वातावरणीय स्वास्थ्य बीच समन्वयको आवश्यकता औँल्याइएको थियो ।

कार्यक्रममा एफएओ नेपालका डा. साकार शिवाकोटीले खाद्य जन्य प्रतिजैविक प्रतिरोध सम्बन्धी परियोजनाको प्रगति, राष्ट्रिय तथा मधेश प्रदेशको ब्च अवस्था, चुनौती र आगामी कार्यदिशा बारे प्रस्तुति दिनुभयो। उहाँले मानव, पशु, खाद्य र वातावरण बीच समन्वित प्रयास तथा सरकारी निकाय, विकास साझेदार र सरोकारवालाबीच सहकार्य सुदृढ बनाउनुपर्नेमा जोड दिएका थए ।

प्रमुख अतिथि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सञ्जय कुमार यादवले प्रतिजैविक औषधिको सुरक्षित, जिम्मेवार र आवश्यक पर्दा मात्र प्रयोग गर्नुपर्ने बताउँदै AMR विश्वव्यापी जनस्वास्थ्य चुनौतीका रूपमा विकसित भइरहेको उल्लेख गर्नुभयो । यसको नियन्त्रणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

विशेष अतिथि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले खाद्य सुरक्षा सुनिश्चित गर्न प्रतिजैविक औषधिको विवेकपूर्ण प्रयोग र रोकथाममुखी अभ्यासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै नियामक निकाय, स्थानीय तह, निजी क्षेत्र, उत्पादक र उपभोक्ता बीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा आयोजित प्यानल छलफलमा खाद्य सुरक्षा, प्रतिजैविक औषधिको जिम्मेवार प्रयोग, उपभोक्ता अधिकार, One Health अवधारणा, खाद्य स्वच्छता ऐन-२०८१ को प्रभावकारी कार्यान्वयन, एकीकृत निगरानी प्रणाली तथा अन्तरनिकाय समन्वयका विषयमा गहन छलफल भएको थियो।

सहभागीहरूले AMR मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणसँग जोडिएको साझा चुनौती भएकाले सबै क्षेत्रको संयुक्त प्रयास अपरिहार्य रहेको निष्कर्ष निकाले । कार्यक्रममा जनस्वास्थ्य, कृषि, पशुपन्छी तथा मत्स्य विकास, खाद्य उत्पादक, एग्रोभेट व्यवसायी, स्थानीय तहका प्रतिनिधि र सञ्चारकर्मीसहित ८५ जनाको सहभागिता रहेको थियो। सहभागीहरूले सुरक्षित खाद्य उत्पादन, खाद्य स्वच्छता र प्रतिजैविक औषधिको विवेकपूर्ण प्रयोग सम्बन्धी सन्देश समुदायसम्म पुर्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

समापन कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, मधेश प्रदेशका प्रमुख बिमल दाहालले खाद्य स्वच्छता, खाद्य सुरक्षा र प्रतिजैविक प्रतिरोध नियन्त्रण सरकार, निजी क्षेत्र, उत्पादक, उपभोक्ता तथा सबै सरोकारवालाको साझा जिम्मेवारी भएको बताउनुभयो । उहाँले वैज्ञानिक निगरानी, प्रमाणमा आधारित नीति कार्यान्वयन र बहु-क्षेत्रीय सहकार्यलाई प्रभावकारी बनाउँदै सुरक्षित खाद्य प्रणाली निर्माणमा सबै पक्षले हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो ।

# मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट अन्ततः प्रदेश सभाबाट सर्वसम्मतिले पारित

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असार**




करिब एक सातादेखि जारी राजनीतिक विवाद र दलहरूबीचको असहमतिपछि मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट अन्ततः प्रदेश सभाबाट सर्वसम्मतिले पारित भएको छ ।

बजेटमा समावेश योजना छनोट, विनियोजन प्रक्रिया तथा केही शीर्षकमा देखिएका त्रुटिलाई लिएर विपक्षी दलहरूले सुरुदेखि नै असन्तुष्टि जनाउँदै आएका थिए । विपक्षीको विरोधका कारण बजेट पारित प्रक्रिया प्रभावित बनेपछि प्रदेश सभाले विवाद समाधानका लागि सात सदस्यीय विशेष कार्यदल गठन गरेको थियो ।

कार्यदलले बजेटका कमजोरी सुधार तथा योजना वितरणलाई थप व्यवस्थित बनाउन १० बुँदे सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । उक्त प्रतिवेदनका अधिकांश सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारले जनाएपछि सत्ता पक्ष र विपक्षी दलबीच सहमति जुटेको हो ।

बुधबार बसेको प्रदेश सभा बैठकमा आवश्यक संशोधनसहित बजेट प्रस्तुत गरिएको थियो। त्यसपछि सभाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सर्वसम्मतिले पारित गरेको सभामुखले घोषणा गरे । बजेट पारित भएसँगै लामो समयदेखि अन्योलमा रहेको प्रदेशको बजेट प्रक्रिया टुंगिएको छ । अब सरकारले स्वीकृत बजेटअनुसार विकास निर्माण, सेवा प्रवाह तथा अन्य कार्यक्रम कार्यान्वयनको बाटो खुलेको छ ।

यसअघि बजेटमा देखिएका त्रुटि, योजना वितरणमा असन्तुलन तथा विनियोजन प्रक्रियामा पारदर्शिताको विषयलाई लिएर प्रदेश सभाभित्र चर्को बहस भएको थियो । कार्यदलको प्रतिवेदनपछि राजनीतिक सहमति जुट्दै बजेट सर्वसम्मतिले पारित हुन सफल भएको हो ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: मनमा पछुतो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: आम्दानी हुने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# मोदीको न्यूजील्याण्ड भ्रमणले भौगोलिक दूरीको बाबजुद सम्बन्धलाई अझ प्रगाढ बनाउने भारतको दृढ सङ्कल्पको सङ्केत



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ असार**

जुलाई १०-११ सम्म न्युजिल्याण्डको आधिकारिक भ्रमणसँगै, नरेन्द्र मोदी ४० वर्षमा देशको भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री बने। मोदीभन्दा पहिले, देशको भ्रमण गर्ने अन्तिम भारतीय प्रधानमन्त्री राजीव गान्धी थिए। मोदीको भ्रमण मार्च २०२५ मा न्यूजिल्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनको भारत भ्रमण पछि भएको थियो ।

भ्रमणको समयबद्धता यस तथ्यबाट स्पष्ट हुन्छ कि दुई देशका नेताहरूको दुई पारस्परिक भ्रमणहरूले रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर गरेः "भारत-न्युजिल्याण्ड रणनीतिक साझेदारीः २०३० सम्मको रोडम्याप।" समग्रमा, मोदीको भ्रमणको क्रममा दुवै पक्षले १० सम्झौतामा हस्ताक्षर गरे, जसमा पारस्परिक हित र सहयोगका विस्तृत क्षेत्रहरू समेटिएका थिए ।

तमाशाको बीचमा, मोदीको न्युजिल्याण्ड भ्रमण भारतीय पक्षबाट कूटनीतिक कदममा कमीलाई पूरा गर्ने र दुई देशहरू बीचको आर्थिक र रणनीतिक खाडललाई कम गर्ने प्रयास थियो । यो कुनै पनि मापदण्डले सानो उपलब्धि थिएन । मोदीको भ्रमणलाई सही रूपमा एउटा ऐतिहासिक घटना मानिएको छ । न्यूजील्याण्डको विदेश मामिला तथा व्यापार मन्त्रालयले भारतलाई न्यूजील्याण्डको लागि रणनीतिक प्राथमिकता भनेको छ, जसले विश्वव्यापी रूपमा भारतको बढ्दो राजनीतिक र आर्थिक प्रभावलाई प्रकाश पारेको छ । अकल्याण्डमा मोदीले पाएको न्यानो स्वागतमा यो मनोवृत्ति प्रदर्शन गरिएको थियो । द्विपक्षीय र क्षेत्रीय ढाँचामा वेलिंग्टनको महत्त्व भारतमा पनि हराएको छैन। मोदीको न्यूजील्याण्ड भ्रमणको औचित्यलाई धेरै कारकहरूले आधार दिन्छन् ।

पहिलो तर्क द्विपक्षीय संलग्नता नै हो। ४० वर्षको अन्तराल पछि मोदीको भ्रमणले भौगोलिक दूरीको बाबजुद न्यूजील्याण्डसँग सम्बन्ध बलियो बनाउन भारतको तत्परतालाई सङ्केत गर्‍यो। दुवै पक्षले देखाएका छन्, विशेष गरी जब स्वार्थहरू एक अर्कासँग मिल्छन्, दूरी सहयोगको लागि बाधा हुनु हुँदैन । आर्थिक स्वार्थहरू यस नवीकरण गरिएको संलग्नताको प्रमुख चालक हुन् ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# संरक्षणक आधार कि व्यवसायीकरणक औजार ?

**मुरली मनोहर मिश्र,**
**जनकपुरधाम, ३१ असार**







"मन्दिरक आम्दानी"
मुरली मनोहर मिश्र,
(जनकपुर नागरिक समाज, जनकपुरधाम-४, धनुषा, नेपाल)
परम आदरणीय संस्कृति-अनुरागी महानुभाव,
प्रभात-कालिन जय-जय सीयाराम
चित्रमे प्रकाशित विवरण अनुसार जानकी मन्दिरक वार्षिक आम्दानीक प्रमुख स्रोतसभ एहि प्रकार अछि :
क) बजार, फलफूल एवं फुटपाथ ठेका – २४ लाख,
ख) रामजानकी विवाहमण्डप ठेका – ३५ लाख,
ग) सांस्कृतिक संग्रहालय ठेका – ३० लाख,
घ) नटुवा नाच ठेका – १६ लाख,
ङ) विवाह मण्डप, सिँढी, टायल एवं फोटो ठेका – १४ लाख,
अर्थात् केवल एहि पाँच शीर्षकसँ लगभग १ करोड १९ लाख रुपैया वार्षिक राजस्व प्राप्त होइत अछि ।
प्रश्न यी नैइ अछि जे मन्दिर आम्दानी करैत अछि । प्रश्न यी अछि जे यी आम्दानीक उद्देश्य की अछि ? यदि यी सम्पूर्ण राशि मन्दिर संरक्षण, धार्मिक सेवा, सांस्कृतिक सम्पदाक संवर्द्धन, तीर्थयात्री सुविधामे पारदर्शी रूपसँ खर्च होइत अछि, तऽ यी स्वागतयोग्य अछि। मुदा जँ आम्दानीक मूल उद्देश्य केवल ठेका, व्यापार आ व्यावसायिक विस्तार बनि जाए, तऽ मन्दिर अपन आध्यात्मिक चरित्र गँबाबऽ लागैत अछि ।

जानकी मन्दिर केवल एकटा भवन मात्र नैइ, सम्पूर्ण मिथिलाक आस्था, इतिहास, संस्कृति आ पहिचानक केन्द्र अछि। एहि कारण एकर व्यवस्थापन साधारण व्यापारिक संस्थाक जकाँ नैइ चलि सकैत ।
१. विवाह मण्डप आ संग्रहालय विवाद : चेतावनीक संकेत,
हालहि मे विवाह मण्डप आ सांस्कृतिक संग्रहालयमे निःशुल्क प्रवेशक सरकारी निर्णयक विरोधमे ताला लगाओल गेल । एहि घटनासँ एकटा मूल प्रश्न उठैत अछि जे की धार्मिक सम्पदाक व्यवस्थापन संवाद, नीति आ पारदर्शितासँ होयबाक चाही कि केवल राजस्वक दृष्टिसँ ?
यदि एकटा निर्णयसँ सम्पूर्ण सेवा बन्द भऽ जाए, तऽ यी प्रशासनिक कमजोरी सेहो दर्शबैत अछि आ अत्यधिक ठेका-निर्भर संरचनाक जोखिम सेहो ।
२. आम्दानी आवश्यक, मुदा मर्यादा सेहो आवश्यक,
कोनो मन्दिर बिना आर्थिक स्रोतक सुचारु रूपसँ नैइ चलि सकैत अछि। कर्मचारी, पूजापाठ, संरक्षण, मर्मत, सुरक्षा, स्वच्छता, सांस्कृतिक कार्यक्रम–सभ लेल धन आवश्यक अछि ।
मुदा आयक स्रोत एहन नहि होय जे–
क) मन्दिर परिसरमे अत्यधिक व्यवसायीकरण बढ़ाबए,
ख) फुटपाथ अतिक्रमणकेँ प्रोत्साहित करए,
ग) दर्शनार्थीक सुविधा बाधित करए,
घ) धार्मिक वातावरणक स्थान पर बजारक वातावरण बनि जाए,
ङ) मन्दिरक गरिमा सदिखन राजस्वसँ ऊपर रहबाक चाही।
३. पारदर्शिता सबसँ पैघ आवश्यकताः
यदि मन्दिर प्रतिवर्ष एक करोड़सँ बेसी आम्दानी करैत अछि, तऽ जनसाधारणकेँ जानबाक अधिकार अछिः
क) कोल आम्दानी कतेक भेल ?
ख) कुल खर्च कतय भेल ?
ग) संरक्षण पर कतेक खर्च भेल ?
घ) सामाजिक सेवा पर कतेक लगाओल गेल ?
ङ) भविष्यक विकास योजना की अछि ?
वार्षिक अडिट रिपोर्ट, सार्वजनिक प्रतिवेदन आ डिजिटल सूचना प्रणाली लागू होयबाक चाही। आस्था आ विश्वास पारदर्शितासँ मजबूत होइत अछि ।
४. संरक्षण कि व्यवसायीकरण ?
जनकपुरधाम धार्मिक पर्यटनक अन्तर्राष्ट्रिय केन्द्र बनि सकैत अछि। मुदा पर्यटनक विकासक नाम पर,
क) विवाह मण्डप,
ख) संग्रहालय,
ग) धार्मिक स्थल,
घ) सांस्कृतिक सम्पदा,
उपरोक्त सभकेँ केवल राजस्व उत्पादनक माध्यम बना देब दूरदर्शिता नैइ कहल जाएत ।
विकासक अर्थ कंक्रीट, टायल आ ठेका मात्र नैइ; विकासक अर्थ सांस्कृतिक विरासत, आध्यात्मिक वातावरण, ऐतिहासिक संरक्षण आ तीर्थयात्रीक सम्मान सेहो होइत अछि ।
५. आगाँक बाटः
जानकी मन्दिरक आर्थिक व्यवस्थापन लेल किछु आधारभूत सुधार आवश्यक देखाइत अछि,
क) मन्दिरक वार्षिक आय-व्यय सार्वजनिक कएल जाए,
ख) ठेका प्रणालीमे पूर्ण पारदर्शिता सुनिश्चित होय,
ग) धार्मिक स्थलसभक व्यवसायीकरण पर स्पष्ट सीमा तय होय,
घ) आम्दानीक निश्चित प्रतिशत संरक्षण, अनुसन्धान, संग्रहालय विकास आ सांस्कृतिक कार्यक्रममे खर्च करबाक कानूनी व्यवस्था होय ।
स्थानीय समाज, विद्वान, गुठी, प्रशासन आ नागरिक समाजक सहभागितामे दीर्घकालीन "मन्दिर संरक्षण नीति" तैयार कएल जाए।
६. अन्तिम निष्कर्षः
जानकी मन्दिरक शक्ति ओकर आय नैइ, ओकर आस्था अछि । आय आवश्यक अछि, मुदा आयक उद्देश्य आस्थाक संरक्षण होयबाक चाही, आस्थाक व्यवसायीकरण नैइ ।
जँ मन्दिरक सम्पूर्ण व्यवस्था "ठेका" केन्द्रित भऽ जाए, तऽ धीरे-धीरे धार्मिक संस्थान अपन सांस्कृतिक आत्मा गँबा सकैत अछि । समयक आवश्यकता यी अछि जे जनकपुरधामक जानकी मन्दिरकेँ आर्थिक रूपसँ सक्षम, प्रशासनिक रूपसँ पारदर्शी, सांस्कृतिक रूपसँ जीवित आ आध्यात्मिक रूपसँ गरिमामय बनाए राखल जाए । तखनहि यी धरोहर मिथिलाक गौरव आ विश्वक श्रद्धाक केन्द्र बनल रहत, हँ कि नैइ....
सल्लाह, सुझाव एवं प्रतिक्रिया अपेक्षित ।

# १४ जना फरार प्रतिवादी पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असार**

जिल्ला प्रहरी कार्यालय धनुषाले फैसला कार्यान्वयन अभियानलाई तीव्र बनाउँदै एकैदिन १४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार धनुषा जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका प्रतिवादीहरूलाई खोजतलास गरी मङ्गलबार पक्राउ गरिएको हो । पक्राउ परेका सबैलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये हातहतियार तथा खरखजाना, ज्यान मार्ने उद्योग, चोरी, सवारी ज्यान, लागूऔषध, मोटरसाइकल चोरी तथा जबरजस्ती करणीजस्ता मुद्दाका प्रतिवादी रहेका छन् ।

उनीहरूमध्ये केहीलाई ७ दिनदेखि ४ वर्षसम्म कैद सजाय तथा केहीलाई १ हजारदेखि १७ हजार रुपैयाँसम्म जरिवाना तोकिएको थियो ।

# पछिल्ला वर्षमा कानुन निर्माणको गति सुस्त भयो




-बागमती प्रदेश सभाको दोस्रो कार्यकालमा कानुन निर्माणको गति सुस्त भएको छ, जसले गर्दा नागरिकका आधारभूत आवश्यकता, विकास निर्माण र आर्थिक समृद्धिका लागि आवश्यक ९९ मध्ये ५१ कानुन मात्र बन्न सकेका छन् । राजनीतिक अस्थिरता, सरकार गठनमा केन्द्रित बैठकहरू, दलहरूको आन्तरिक महाधिवेशन, आम निर्वाचन र पटक-पटक फेरिएका राजनीतिक समीकरणका कारण प्रदेश सभाले कानुन निर्माणमा पर्याप्त समय दिन नसकेको हो । निर्वाचन प्रणालीको आमूल परिवर्तन, संसदको आकारमा कटौती र राजनीतिक दलहरूमा उच्चस्तरको नैतिक आचरणसहित प्रदेश सभाको प्रभावकारी सञ्चालनले मात्रै संघीयता र प्रदेश संरचनालाई जोगाउन सकिने निष्कर्ष छ।

प्रदेश सभा कानुन निर्माण गर्ने थलो हो। प्रदेशका लागि आवश्यक कानुन निर्माणमा प्रदेश सभाको मुख्य भूमिका हुन्छ । बागमती प्रदेश सभाको दोस्रो कार्यकाल अन्तिम वर्षमा यात्रारत छ ।

बागमती प्रदेश सभाको पहिलो कार्यकालमा प्रशस्त कानुन निर्माण भए । भर्खरै सङ्घीयतामा गएका कारण पनि त्यतिबेला प्रदेश सरकार सञ्चालनमा थुप्रै कानुन आवश्यक थियो । सोही अनुसार पहिलो कार्यकालमा प्रदेश सभाले कानुन निर्माणलाई प्राथमिकता दियो । यद्यपि, दोस्रो कार्यकालमा कानुन निर्माण तुलनात्मक रूपमा कम भएको छ। दोस्रो कार्यकालको अन्तिम वर्षमा हिँडिरहँदा प्रदेशका लागि आवश्यक लगभग सबै कानुन बनिसक्नु पर्ने हो, तर कानुन निर्माण कार्य अत्यन्त सुस्त छ । विगत चार वर्षको अवधि हेर्ने हो भने सुरुको वर्षमा कानुन निर्माणमा केही काम भयो । तर त्यसपछिका तीन वर्षमा सोचेजस्तो उपलब्धि हासिल गर्न नसकेको प्रस्ट छ । २०७९ को निर्वाचनपछि गठित प्रदेश सभाको सुरुवाती चरणमा केही महत्त्वपूर्ण कानुन बने, जसले सङ्घीयता कार्यान्वयनमा महत्त्वपूर्ण अर्थ राखेको देखिन्छ । तर, त्यस यता क्रमिक रूपमा कानुन निर्माण ओझेलमा पर्दै गएको छ ।

प्रदेश सभाका बैठकहरू सरकार गठनमै केन्द्रित भइरहेको जस्तो लाग्छ । सरकार गठन, विश्वासको मतको प्रक्रिया पनि प्रदेश सभाको कार्य-जिम्मेवारी नै हो, तर कानुन निर्माण पनि प्राथमिकतामा रहनुपर्थ्यो भन्ने चासो र चिन्ता जायज छ । प्रदेशको समस्यामात्र नभई, समग्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्वाचन प्रणाली र शासन शैलीमा देखिएका संरचनागत कमजोरीहरूलाई व्यापक सुधार गर्न आवश्यक छ । राजनीतिक अस्थिरताका कारण प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको लामो समय भइसक्दा पनि कानुन निर्माणको प्रक्रिया उत्साहजनक हुन सकेको छैन ।

नागरिकका आधारभूत आवश्यकता, विकास निर्माण र आर्थिक समृद्धिका लागि कुल ९९ वटा कानुन निर्माण गर्नुपर्ने भनेर पहिचान भए पनि हालसम्म ५१ वटामात्र कानुन बन्न सके । अझै ४८ वटा कानुन बन्न बाँकी रहनुले प्रदेशको विधायकी भूमिकामा प्रश्न खडा गरेको देखिन्छ । मैले गत वर्ष साउन २० मा कार्यभार सम्हालेँ । जेनजी आन्दोलनको असरले केही महिना प्रदेश सभा चलाउन निकै जटिलता थपिएको थियो । भदौ २३ देखि नै सडकमा नयाँ पुस्ताको आन्दोलन र राजनीतिक उथलपुथल भयो । दलहरूका आन्तरिक महाधिवेशन, आम निर्वाचन र पटक-पटक फेरिएका राजनीतिक समीकरणका कारण संसदले कानुन निर्माणमा पर्याप्त समय दिन सकेन ।

विशेष गरी विकास निर्माण, सेवा प्रवाह, खानेपानी तथा ऊर्जाजस्ता क्षेत्रमा अहिलेसम्म कानुन बन्न सकेन । प्रशासनिक र राजनीतिक प्राथमिकताको अभावका कारणले प्रदेश सभाले कानुन निर्माण गर्न सकेन । निर्वाचन प्रणाली र अस्थिरताः नेपालको वर्तमान राजनीतिक अस्थिरताको मुख्य जरो मिश्रित निर्वाचन प्रणाली हो । यस प्रणालीका कारण अपवाद बाहेक कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न सक्दैनन्, जसले गर्दा सरकार बनाउन र टिकाउन जोड-घटाउको फोहरी खेल सुरु हुन्छ। अस्थिरताकै कारण बागमती प्रदेशले एकै कार्यकालमा ३ जना मुख्यमन्त्री फेरबदल र पाँच पटकसम्म विश्वासको मत लिनुपर्ने विडम्बनापूर्ण अवस्था भोग्नुपरेको छ । यसले जनतामा राजनीति र व्यवस्थाप्रति नै वितृष्णा पैदा गर्दै आएको छ । दलीय स्वार्थका लागि गरिने जालझेल र अन्तर-सङ्घर्षले गर्दा संसदीय गरिमा नै धमिलिएको छ । अस्थिरताको यो चक्रबाट मुक्त हुन प्रत्यक्ष निर्वाचित प्रणाली अत्यावश्यक रहन्छ। अब संविधान संशोधन गरेर निर्वाचन प्रणालीलाई परिष्कृत गर्नुपर्ने बेला आएको छ । समावेशिता र समानुपातिक प्रतिनिधित्वलाई भूगोल र क्लस्टरकै आधारमा सुनिश्चित गरिनुपर्छ, तर कार्यकारी चयन र संसदको निर्वाचन प्रत्यक्ष हुनुपर्छ । संरचनागत सुधारका लागि प्रदेश सभाको आकार घटाउन जरुरी रहन्छ । बागमती प्रदेश सभाको हालको ११० सदस्य सङ्ख्यालाई घटाएर ६६ मा सीमित गर्नुपर्ने र मन्त्रालयहरूको सङ्ख्यालाई पनि घटाएर चुस्त बनाउनुपर्ने हुन्छ । राज्यको व्ययभार घटाउन र कार्यक्षमता बढाउन हामीले मन्त्रालयको सङ्ख्या ८ मा झारिसकेका छौं ।

अब संसदको आकारमा पनि पुनरवलोकन आवश्यक छ । प्रदेश सभा प्रदेशका जनताप्रति उत्तरदायी हुनुपर्छ । सरकार बनाउने वा ढाल्ने भूमिकामा केन्द्रित रहिरहनु भन्दा पनि प्रदेशलाई कसरी उन्नतिको दिशामा लैजाने, प्रदेशवासीको आकाङ्क्षा कसरी पूरा गर्ने भन्ने सन्दर्भमा प्रदेश सभाले बढी भूमिका निर्वाह गर्नुपर्छ ।

संसदमा उठ्ने आवाजलाई सरकारले रचनात्मक सुझावका रूपमा लिएर आफ्नो कार्यशैली सुधार्नुपर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने हुन्छ । दलीय सहमतिको अभाव र अनिर्णयको बन्दीका कारण हाल प्रदेश सभामा सभामुख पद रिक्त छ । सभामुखको रिक्तताका बिच सरकारले पर्याप्त मात्रामा हाउस चलाउन समन्वयात्मक भूमिका निर्वाह गरिरहेको छ र गरिरहनु पर्छ । विगतमा यस्तै कमी-कमजोरीबाट पर्याप्त मात्रामा कानुन बन्न सकेनन् । सभामुखको रिक्तताले संसदीय अभ्यासमा केही जटिलता ल्याए पनि उपसभामुखको नेतृत्वमा संसद् चलाएर खर्च र बेरुजु घटाउने प्रयास गरिएको छ । यद्यपि संसदीय मर्यादाका लागि सभामुखको पद छिटै पूर्ण हुनुपर्नेछ । राजनीतिमा पदभन्दा ठुलो कुरा प्रवृत्ति र चरित्र हो । लोकतान्त्रिक अभ्यासमा हार र जित स्वाभाविक हो, तर हार्नेले पनि बहुमतको सम्मान गर्नुपर्छ । संसदीय दलमा म आफैँ पराजित हुँदा मैले त्यसलाई लोकतान्त्रिक अभ्यासकै रूपमा लिएर स्वीकार गरेँ र सोही अनुसार भूमिका निर्वाह गरेँ ।

*साभार : रातोपाटी ।*


**“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


## भुल सुधार

यो पत्रिकाको अंक २६४ को पहिलो पृष्ठमा मिति असार ३० गते हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३।०९।२७ मा दर्ता नं. १६१६६६।०७३।०७४ मा दर्ता भएको **विट्स एण्ड स्टेप डान्स स्कुल** को कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर** : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)
फोन नं.: ९८४११४१६१७





अनुरोधकर्ता
**बलवा नगरपालिका कार्यालय**
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
**रामगोपालपुर नगरपालिका कार्यालय**
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday